"स्थानीय तहको सञ्चार सारथी"

# पालिका सन्देश

साप्ताहिक

**पालिका सन्देश सूचना !**

*पत्रिका नियमित नभएमा, ठेगाना परिवर्तन गर्नुपरेमा, समाचार, सूचना तथा विज्ञापन प्रकाशन गर्नुपरेमा वा अन्य कुनै गुनासो भएमा ९८६१०४२८०४ नम्बरको वाट्सपमा म्यासेज गर्न सक्नुहुनेछ । वा सिधैं फोन गर्न सक्नुहुनेछ ।*

।। वर्ष : २ ।। अंक : २४ ।। ।। २०८१ मंसिर १२ बुधबार ।। 27 Nov. 2024, Wednesday ।। पृष्ठ : ६ ।। मूल्य : रु. १०/- ।। www.palikasandesh.com

### बुद्धशान्तिमा अख्तियारको अन्तरक्रिया

# भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रबर्द्धनमा जोड

**बुद्धशान्ति (पालिका सन्देश)** । सदाचार, निष्पक्षता र निर्भिकता मुल मन्त्र बनाएको अख्तियार दुरूपयोग अनुसन्धान आयोग ईटहरीका कार्यालय प्रमुख (सह-सचिव) सुरेश न्यौपानेले भ्रष्टाचार नियन्त्रणको पहिलो दायित्व सम्बन्धित निकायकै भएको बताएका छन् । झापाको बुद्धशान्ति गाउँपालिकामा आयोजित एक कार्यक्रममा सहभागीहरूका जिज्ञासा तथा प्रश्नलाई सम्बोधन गर्दै उनले जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समितिमा तथा विभिन्न संघसंस्थामा बसेर काम गर्ने वा सार्वजनिक स्रोतसाधनको प्रयोग गरेर काम गर्ने जो कोहिले पनि भ्रष्टाचार सम्बन्धित क्षेत्रको ऐन, नियम पूर्ण परिपालना गर्नुपर्नेमा जोड दिएका हुन् ।

आयोगको नियमित कार्यक्रम अन्तर्गत बुद्धशान्ति गाउँपालिका र पालिका भित्रका सरोकारवाला संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूसँग अन्तरक्रिया गरेको छ । कार्यालयले गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, विद्यालय तथा वन समूह र निर्माण समितिका पदाधिकारीहरू, सञ्चारकर्मी लगायत सरोकारवालाहरूका लागि भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनको उद्देश्यसहित अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको हो । पछिल्लो समय स्थानीय तहमा देखिएका भ्रष्टाचारका घटना र स्थानीय तहका कर्मचारीलाई भ्रष्टाचार बिरूद्ध सचेतना जगाउने उद्देश्ले आयोजना गरिएको कार्यक्रममा सहभागीले अख्तियार दुरूपयोग अनुसन्धान आयोगका उच्च पदस्थ कर्मचारीहरू नै भ्रष्टचारको दलदलमा रहेको समाचारले आयोगको कार्यशैली माथि नै प्रश्न चिह्न खडा भएको धारणा व्यक्त गरेका थिए ।

कार्यक्रममा अदुअ आयोग ईटहरीका सूचना अधिकारी एवम् उप-सचिव निरज कुमार देवले सहजीकरण गरेका थिए । कार्यक्रममा बुद्धशान्ति गाउँपालिका अध्यक्ष मनोज प्रसाईं, उपाध्यक्ष भवानी प्रसाद खतिवडा, प्रमुख प्रशासकीय अधिकृत विनोद पोखरेल, सात वटै वडाका

*बाँकी पृष्ठ ५ मा*

# लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान शुरु

**बुद्धशान्ति (पालिका सन्देश)** । 'हामी सबैको प्रतिबद्धता: लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता' भन्ने राष्ट्रिय नाराका साथ ३३औं अन्तर्राष्ट्रिय लैङ्गिक हिंसा बिरूद्धको १६ दिने अभियान झापामा पनि सुरु भएको छ । अभियान मङ्सिर २५ गतेसम्म विभिन्न कार्यक्रम गरी मनाइनेछ ।

बुद्धशान्ति गाउँपालिकामा पनि लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता जनाएर हस्ताक्षर गरी कार्यक्रमको सुरूवात गरिएको गाउँपालिका महिला तथा बालबालिका शाखाकी प्रमुख मीना बिष्टले बताएकी छिन् । उनले १६ दिने अभियानमा लैङ्गिक

*बाँकी पृष्ठ ६ मा*




## कृषि वस्तुको निर्यात बढ्यो

**काँकरभिट्टा (पालिका सन्देश)** । चालु आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक अवधिमा पूर्वीनाका काँकरभिट्टाबाट सात अर्ब ८२ करोड ५५ लाख चार हजारको कृषि बाली भारत निर्यात भएको छ । आयातको तुलनामा कृषि वस्तुको निर्यात सात गुणा बढी रहेको प्लान्ट क्वारेन्टाइन कार्यालय काँकडभिट्टाले जनाएको छ । उक्त त्रैमासिक अवधिमा पूर्वीनाका काँकडभिट्टाबाट रू ७९ करोड ६३ लाख १० हजारको कृषि बाली आयात भएको छ ।

कार्यालयका सूचना अधिकारी चन्द्रेश्वर ठाकुरका अनुसार रू. चार अर्ब ४८ लाखको चिया, रू. एक अर्ब ५५ करोडको अलैंची, रू. एक अर्ब पाँच करोडको प्लाई तथा भेनियर, रू. ३३ करोड ९६ लाखको अम्लिसो रू. २० करोड ५५ लाखको अदुवा, रू. छ करोड ४८ लाखको बन्दाकोभी, रू. एक करोड ५५ लाखको मसुरो दाल, रू. ५१ लाख १९ हजारको जडीबुटी

*बाँकी पृष्ठ २ मा*

**अबतपाईं हाम्रो शहर बुधबारेमा**
लिला डाइग्नोष्टिक सेन्टरमा उपलब्ध सेवाहरु :

**डा.दिनेश पोखेल**
एमबीबीएस एमडी रेडियोलोजिस्ट
भिडियो एक्स्रे, युसीजी सेवा
(प्रत्येक आइतबार र मंगलबार बिहान १०:०० बजेदेखि)

**डा. आकाश कोइराला**
एमबीबीएस एमडी, बरिष्ठ फिजिसियन (BPKIHS DHARAN)
पेट, छाती, दम, मुटु रोग बिशेषज्ञ
(प्रत्येक दिन दिनको ३:०० बजेबाट)

**डा.दिपायल पाण्डे**
एमबीबीएस एमडी (BPKIHS DHARAN)
बरिष्ट छाला, यौन तथा सौन्दर्य रोग विशेषज्ञ
डेल्फी स्किन दमकबाट (हरेक बिहीबार १:०० बजेबाट)

**डा.ज्योती अग्रवाल**
एमबीबीएस एमडी (BPKIHS DHARAN)
बरिष्ट बाल रोग तथा नवजात रोग विशेषज्ञ
(प्रत्येक मंगलबार र शनिबार)

**डा. अजय अग्रवाल**
एमबीबीएस एमडी (BPKIHS DHARAN)
वरिष्ठ स्त्री तथा प्रशुती रोग विशेषज्ञ
(प्रत्येक मंगलबार र शनिबार)

**नोट** : यहाँ प्याथोलोजी, ल्याब, भिडियो एक्सरे, फार्मेसीको सुविधा समेत उपलब्ध छ ।

*दैनिक डिजिटल एक्सरेको सेवासँगै थाइराइड, भिटामिन बी १२, भिटामिन डी पनि दैनिक परिक्षण गरिन्छ ।*

**लिला डाइग्नोष्टिक सेन्टर**
बुद्धशान्ति-१, बुधबारे बजार (बीच चोक) पुरानो चिउरा मिल अगाडि
सम्पर्क नं. ९८२४२०५३३०/९८४९५०९८१७




**आदरणीय श्रद्धालु महानुभावहरू,**

श्री अर्जुनधारा जलेश्वरधाममा ४२ औं वार्षिक अनुष्ठानको रुपमा यस वर्ष विश्वशान्ति एवम् पितृ उद्धारका निमित्त अष्टोत्तरशत् (१०८) श्रीमद्भागवत पाठपारायण, ५ जना आचार्यका साथमा ५१ जना बटुकहरुद्वारा हवनात्मक महायज्ञको प्रमुख आचार्यकत्व अन्तर्राष्ट्रिय कथावाचक १८ पुराणका प्रवक्ता धर्मदर्शन फाउण्डेशनका संस्थापक यस धामका व्यासाचार्य पं. श्री कुवेर सुवेदीज्यूको मुखारविन्दबाट सङ्गीतमय भागवत कथा, प्रवचन साथै धामका मूलअर्चक पं. श्री अग्निप्रसाद सिग्देलज्यू सहआचार्य रहने यस कार्यक्रममा उपस्थित भई ऐतिहासिक महायज्ञको यजमान बनी आफ्ना पितृउद्धार गर्न चाहने महानुभावहरुमा अग्रिमरुपमा कर्ताको नाम तीन पुस्ताको सपत्नीक नाम टिपाइ दिन हुनका साथै यस पुण्य कार्यमा जुटिदिनु हुन सादर निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम :**

बिहान ११ बजे कलश यात्रा, विभिन्न जातजातिहरुको झाँकीसहित नगर परिक्रमा
प्रमुख अतिथिज्यूबाट कार्यक्रम समुद्घाटन दिनको १ बजे - ११ बजेदेखि ३ बजेसम्म अन्तर्राष्ट्रिय कथा व्यास १८ पुराणका प्रवक्ता धर्मदर्शन फाउण्डेशनका संस्थापक तथा धामका व्यासाचार्य पं. श्री कुवेर सुवेदीज्यूको मुखारविन्दबाट सङ्गीतमय भागवत कथा प्रवचन । - दैनिक ७ बजेदेखि धामका मूलअर्चक अग्निप्रसाद सिग्देलज्यूको आचार्यकत्वमा १०८ आचार्यज्यूहरु सहित श्रीमद् भागवत पाठपारायण - दैनिक बिहान मण्डप पूजा
- दैनिक ५ जना यज्ञाचार्यको साथमा ५१ जना बटुकहरुद्वारा हवन रुद्रीपाठ - मिति २०८१/८/८ गते धान्याचल उद्घाटन, यज्ञ उद्घाटन, गल्ला उद्घाटन १ बजे - दैनिक साँझ ५:३० देखि पितृमोक्षको लागि ५ जना ब्राह्मणद्वारा महाआरती (गंगा आरती)
- दैनिक बेलुका ७:३० बजेदेखि ९ बजेसम्म माहात्म्य एवम् भजन कीर्तन - २०८१/८/१४ गते बेलुका लक्ष्यवर्तिका प्रज्ज्वलन, भजनकीर्तन, झाँकी र रात्रि जागरण ।
- २०८१/८/१५ गते बिहान ४ बजेबाट शतवीज रोपण, पूर्णाहुति, तिलकपाती वितरण तथा कार्यक्रम समापन ।

**श्री अर्जुनधारा जलेश्वर धाम**
अर्जुनधारा नगरपालिका-७, झापा
सम्पर्क नं.: ९८५२६७७८४३, ९८४२७०६०८३, ९८४२७३१९०५

# बुद्धशान्तिमा वडा स्तरीय टी-१० क्रिकेट प्रतियोगिता

**बुधबारे (पालिका सन्देश) ।** प्रथम बुद्धशान्ति गाउँपालिका वडा स्तरिय टी-१० पुरूष क्रिकेट प्रतियोगिताको हुने भएको छ । बुद्धशान्ति गाउँपालिका खेलकुद विकास समितिको संयोजन तथा वडा नं ३ खेलकुद विकास समितिको आयोजनामा बिहीबारदेखि १५ गतेसम्म प्रतियोगिता सञ्चालन हुने भएको छ । पालिका भित्रका सातवटै वडाको टिम सहभागिता हुने प्रतियोगितामा विजेताले नगद २० हजार मेडल, ट्रफी र प्रमाणपत्र पाउनेछन् भने उपविजेताले नगद १० हजार, मेडल, ट्रफी र प्रमाणपत्र पाउने बुद्धशान्ति गाउँपालिका वडा नं ३ का खेलकुद विकास समिति अध्यक्ष विनोद नेम्वाङले बताएका छन् । बुधबारेको पेट्रोल पम्प छेउको खुला मैदानमा हुने प्रतियोगिताका लागि मैदान व्यबस्थापनसँगै तयारी पुरा भएको खेलकुद विकास समितिका सदस्य आदीहाङ फागोले बताए ।

उद्घाटन खेलमा वडा नं १ र वडा नं २ भिड्नेछन् भने दोस्रो खेलमा वडा नं ३ र वडा नं ४ को प्रतिष्पर्धा रहने खेल सहजकर्ता गोकुलले बताएका छन् । प्रतियोगिताको हरेक खेलको म्यान अफ् दी म्याचलाई नगद एक हजार, उत्कृष्ट ब्याट्समेनलाई नगद तीन हजार, प्रतियोगिताको उत्कृष्ट बलरका लागि तीन हजार त्यस्तै प्रतियोगिताको फेयरप्ले अवाड पुरस्कार ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछ । त्यस्तै प्रतियोगिताको उत्कृष्ट क्याचले नगद एक हजार, मेडल र प्रमाणपत्र पाउने आयोजक समितिका सचिव गोविन्द लेप्चाले बताएका छन् ।

बुद्धशान्ति गाउँपालिकाको आर्थिक सहयोगमा सञ्चालन हुने प्रतियोगिताले युवाहरूलाई खेलकुदको माध्यमबाट शारीरिक तथा मानसिक रूपमा स्वस्थ राख्न पालिकाले हरेक वर्ष विभिन्न खेलकुदको आयोजना गर्दै आएको बताउँदै क्रिकेटको विकासका लागि वडास्तरीय प्रतियोगिता आयोजना गर्न लागिएको वडा नं. ३ का वडा अध्यक्ष पर्शुराम चेम्जोङले बताएका छन् ।

## लैंगिक...

हिंसाबिरूद्धको सचेतनामुलक सडक नाटक, विद्यालयस्तरमा हिंसाबिरूद्धको प्रशिक्षण दिने बताएकी छिन् । गाउँपालिका अध्यक्ष मनोज प्रसाईंको अध्यक्षता तथा उपाध्यक्ष भवानी प्रसाद खतिवडाको विशेष आतिथ्यतामा सुरूवात भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकत विनोद पोखरेल, सात वटै वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, जनप्रतिनिधि, कर्मचारी, सञ्चाकर्मी लगायतको उपस्थिति रहेको थियो ।

# सेनिटरी प्याड डिस्पोजल मेसिन वितरण

**बुधबारे (पालिका सन्देश) ।** बुद्धशान्ति गाउँपालिले विद्यालयलाई सेनिटरी प्याड डिस्पोजल मेसिन वितरण गरेको छ । गाउँपालिका ७ थान मेसिन वितरण गरेको हो । गाउँपालिका भित्र सञ्चालित एक मात्र बहुमुखी क्याम्पस सीतारमेश बहुमुखी क्याम्पसमा एक कार्यक्रमको आयोजना गरेर उक्त मेसिन वितरण गरेको हो ।

सीतारमेश बहुमुखी क्याम्पस बुद्धशान्ति १ लाई दुई थान, सामुदायिक विद्यालय अन्तर्गत बुद्ध आदर्श माध्यमिक विद्यालय, आदर्श माध्यमिक विद्यालय र गडिगाउँ माध्यमिक विद्यालयमा रहने गरी वितरण गरिएको गाउँपालिकाले जनाएको छ । विद्यालयहरूले आवश्यकता अनुसार आलोपालो प्रयोग गर्न मिल्ने गरी एक-एक थान गरी तीन थान र निजि विद्यालयमा रहने गरी प्याब्सन बुद्धशान्तिलाई दुई थान सेनिटरी प्याड डिस्पोजल मेसिन हस्तान्तरण गरिएको छ ।

यसबाट क्याम्पस तथा विद्यालयमा अध्ययनरत छात्राहरूले प्रयोग गरे पश्चात् सेनिटरी प्याड डिस्पोज गर्न सहज हुने गाउँपालिका अध्यक्ष मनोज प्रसाईले बताए । उनले सेनिटरी प्याडको प्रयोग र यसको सुरक्षित व्यबस्थापन दुबैलाई उत्तिकै महत्व ठानेर पालिकाको तर्फबाट यो कार्य गरिएको बताए । सेनिटरी प्याडको प्रयोगसँगै यसको सुरक्षित व्यबस्थापनमा देखिएको चिन्ता समाधानमा यो कार्य सार्थक हुने विश्वास लिइएको छ ।


## नेपाल विद्युत प्राधिकरण बुधबारे उप वितरण केन्द्रको ग्राहक वर्गहरूमा अनुरोध

- अनावश्यक विद्युत प्रयोग नगरौँ ।
- विद्युत चोरी गर्नु कानुनी र सामाजिक अपराध हो ।
- विद्युत महशुल अनलाइनबाट भुक्तानी गरी समय र पैसाको बचत गरौँ ।
- विद्युत चोरी नगरौँ र चोरी भएको थाहा भएमा यथाशीघ्र नजिकैको विद्युत कार्यालयमा जानकारी गराई सचेत नागरिकको परिचय दिऊँ । यस्तो सूचना दिनेको नाम गोप्य राखी उचित पुरस्कार दिइनेछ ।
- तपाइँको घरटोलमा चुहावट नियन्त्रणका लागि आउने कर्मचारीलाई सहयोग पुर्याइ विद्युत चुहावटमुक्त समाजको निर्माणमा सहभागी होऔँ । विद्युत चोरी गर्दा दुर्घटनामा परी धनजनको क्षति हुन सक्छ ।
- विद्युत हाम्रो राष्ट्रिय सम्पत्ति हो । राष्ट्रिय सम्पत्तिको सदुपयोग गर्नु तपाई हामी सबैको कर्तव्य हो ।
- विद्युत चोरी नगरी राष्ट्रको जिम्मेवार र सभ्य नागरिकको पहिचान बनाऔँ ।
- विद्युत खपत कम गरौँ । उज्यालो नेपाल अभियानमा सरिक बनौँ ।

**नेपाल विद्युत प्राधिकरण धुलाबारी वितरण केन्द्र**
बुधबारे उप वितरण केन्द्र (बुद्धशान्ति) झापा।



JAPANESE, KOREAN, GERMAN LANGUAGE, IELTS, PTE,




BRIDGE COURSE

COMPUTER COURSES
- Computer Basic Course
- Computer Operator Course
- Graphics Designing
- Accounting Package
- Office Package
- Hardware & Networking
- Web Page Designing
- Visual Editing
- Auto CAD

STUDY ABROAD
Test Prepration
- SSW
- N4
- JLPT
- JLCT
- NAT
- UBT
- IELTS
- J-Cert

USA
AUSTRALIA
CANADA
KOREA
JAPAN
GERMANY
NEWZEALAND

LANGUAGE CLASSES:
☑ JAPANESE
☑ KOREAN
☑ ENGLISH
☑ GERMAN

TUTION CLASSES:
☑ 8/9 Class
☑ SEE
☑ XI/XII
☑ Bachelor's



Driving Course

अब तपाई हाम्रै शहर बुधबारे तल्लो चोकमा कक्षाहरु धमाधाम सञ्चालन भईरहेको जानकारी गराउँदछौं ।

YOUR CHOICE : YOUR DREAM
BUDHABARE FOCUS POINT CONSULTANCY PVT. LTD.


Contact Us:
023-591815
9808480515 / 9852624689
@focus.point.consu
Focus Point Consultancy
cfocuspoint@gmail.com



विना अप्रेसन
पाइल्स फिस्टुला, हाइड्रोसिल र फिसरको उपचार

सु-स्वास्थ्य फार्मेसी
बुद्धशान्ति १ बुधबारे, झापा
फोन नं. ९८४२४४३६१४, ९८१७०२९६६५



अब झापाको बुधबारेमै दैनिक सेवा



प्रो.प्रदिप वाग्ले

दक्ष आयुर्वेदिक चिकित्सक (आयुर्वेद फिजिसियन)द्वारा उपचार गरिन्छ ।
(प्रत्येक शुक्रबार ३ बजेदेखि)



के तपाई केबल टेलिभिजन अथवा Wi-Fi इन्टरनेट जडान गर्न चाहानुहुन्छ ?

broadlink Internet

धमाकेदार अफर

Upgrade to 5G

NEW CONNECTION
100 Mbps 12+1 Month = Rs. 8,499/-
50 Mbps 12 Month = Rs. 6,999/-
(100 Mbps Net + IPTV) 12 Month only @ 9,999/-

RECHARGE
100 Mbps 12+2 Month = Rs. 8,220/-
100 Mbps 12+1 Month = Rs. 7,200/-
50 Mbps 12 Month = Rs. 6,499/-
50 Mbps 3 Month = Rs. 2,260/-



श्री बुधबारे स्पेश केवल नेटवर्क प्रा. लि.
CALL NOW!
023-555127 | 9802655127 | 9802655132 | 9802655590


पी.एस.टी नेपाल मिडिया प्रा.लि.द्वारा प्रकाशित **पालिका सन्देश साप्ताहिक**, कार्यालय : **बुद्धशान्ति-३ झापा**, सम्पर्क : **९८६१०४२८०४**, सम्पादक : **तीर्थराज तिम्सिना**
क.दर्ता नं : **२६०८९९/०७७/०७८**, इमेल : *palikasandesh@gmail.com, tirthatimsina508@gmail.com*, ले-आउट : **सन्तोष शर्मा**, मुद्रण : **श्री गणपति अफ्सेट प्रेस**, बिर्तामोड, झापा ।

## प्रेरक भनाइ

अल्पज्ञान खतरनाक चिज हो ।

– **अलेक्जेण्डर पोप ।**



## सम्पादकीय

# मङ्सिर १६ : खराबलाई चुनाव हराएर दण्डित गर्ने दिन

**लगभग आधा कार्यावधि बाँकी रहँदा स्थानीय तहका ४४ स्थान, ३१ जिल्लामा मङ्सिर १६ गते उपनिर्वाचन हुँदैछ। २०७९ सालमा सम्पन्न भएको स्थानीय तहको निर्वाचन पश्चात् देशभरबाट विभिन्न कारणले रिक्त ३९ पदमा उपनिर्वाचन हुँदैछ। नेपालको संविधान तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ बमोजिम निर्वाचित जनप्रतिनिधिको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा र एक वर्षभन्दा बढि पदावधि बाँकी रहेको अवस्थामा बाँकी अवधिका लागि उपनिर्वाचनद्वारा पद पूर्ति हुने व्यबस्था छ। सोही अनुरुप १६ गते उपनिर्वाचन हुँदैछ।**

**निर्वाचन आयोगले उपनिर्वाचनका लागि सम्पूर्ण तयारी समेत पुरा गरिसकेको जनाएको छ। आयोगले मतदान स्थल कायम भएका सामुदायिक विद्यालय, निजी विद्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, औद्योगिक प्रतिष्ठान, सार्वजनिक स्थल निर्वाचन प्रयोजनका लागि उपयोग गर्ने व्यबस्था मिलाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत उपनिर्वाचन हुने सबै स्थानीय तहलाई निर्देशन दिएसँगै तयारी पुरा भएको जनाएको छ। उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी रूपमा सम्पन्न गर्न, गराउन तथा स्थानीय तहमा मतदानस्थल उपयोग गर्ने क्षेत्रमा सार्वजनिक विदा दिने निर्णय समेत गरेको छ। मतदाता परिचयपत्रका अलावा अन्य सरकारी कागजातका आधारमा मतदान गर्ने पाइने व्यबस्था मिलाइएको छ।**

**हरेक निर्वाचनमा स्वतन्त्र ढङ्गमा मत दिनु नागरिकको अधिकार हो। उनीहरूले जुनसुकै कारणबाट कसैलाई मतदान गर्ने अधिकार राख्छन्। पछिल्लो समय उम्मेदवारको योग्यता, उसले प्रतिनिधित्व गर्ने पार्टी, उसको व्यक्तिगत आचरण र चरित्रभन्दा पनि हौवाका भरमा मत दिने प्रवृत्ति बढेको छ। सूचना प्रविधिको बढ्दो प्रयोगसँगै सामाजिक सञ्जालमा आउने वा गरिने क्रिया वा प्रतिक्रिया निर्वाचन प्रचारप्रसारको प्रभावकारी माध्यम बन्न थालेको छ। हिजो गलत नेतृत्व छानिएको रहेछ भने आज सुधार्ने अवसर पनि निर्वाचन नै हो। तसर्थ हरेक नागरिकको एउटा मतले राम्रो र असल प्रतिनिधि जन्माउन सक्छ। हरेक नागरिक जहिले पनि असलको पक्षमा उभिने र खराबलाई परास्त गर्न चाहिरहेको हुन्छ। निर्वाचन मात्रै यस्तो अवसर हो, जहाँ राम्रोलाई विजयी बनाएर पुरष्कृत गर्ने र खराबलाई चुनाव हराएर दण्डित गर्न सम्भव हुन्छ। निर्वाचन परिणामले नै दलहरूले आफूलाई सुधार्ने सन्देश पाउने छन्। त्यसैले स्थानीय उपनिर्वाचन हो, यसको के महत्व छ र भनेर अवमूल्यन् नगरौँ। सबैले आफ्नो मताधिकारको प्रयोग गरौँ। राम्रो र योग्य व्यक्तिलाई जिताऔँ।**

# सहकारीलाई लगाम लगाउन सफ्टवेयरमा 'लक सिस्टम'

सहकारी ऐन, २०४८ मा सहकारीको कारोबार सफ्टवेयरमा इन्ट्री गर्नुपर्छ भन्ने कल्पना गरेको थिएन । मेनुअल हिसाब किताबमा जोड दिएको उक्त ऐन प्रतिस्थापन गर्दै आएको नयाँ सहकारी ऐन, २०७४ अन्तर्गत बनेको नियमावलीमा भने ५ करोड भन्दा बढी कारोबार गर्ने सहकारीले सफ्टवेयरमा हिसाब राख्नुपर्ने व्यबस्था गरेको छ । संघीय सहकारी ऐन अन्तर्गत बनेको सहकारी नियमावली २०७५ को दफा २८ (३) मा 'पाँच करोड रूपैयाँभन्दा बढी जायजेथा भएका सहकारी संस्थाले उपनियम (१) बमोजिम राख्नुपर्ने अभिलेख तथा लेखा विभागले तोकेबमोजिमको निर्धारक पूरा भएको विद्युतीय उपयोग कार्यक्रमणिका (एप्लिकेशन सफ्टवेयर) मा समेत व्यबस्थित गर्नु पर्ने' उल्लेख छ । सोही दफाको उपदफा (४) मा 'सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्याबसायिक कारोबारको विवरण विभागले तोकेको व्यबस्थापन सूचना प्रणालीमा समेत प्रविष्ट गर्नु पर्ने' व्यबस्था गरेको छ ।

त्यसरी राखिएको हिसाबकिताबको पृष्ठसुरक्षा (ब्याकअप)को व्यबस्था पनि गर्नुपर्ने उक्त नियमावलीमा उल्लेख छ । तर, सहकारी नियमावलीमा भएको उक्त व्यबस्था अनुसार एप्लिकेशन सफ्टवेयरमा प्रविष्ट गरिएको हिसाब सहकारीका पदाधिकारीले आफूले चाहेको बेला हेरफेर र संशोधन गरिदिँदा हिसाब किताब नै हिनामिना हुँदै आएको छ । 'संस्थाको हिसाब चार खातामा राख्ने हो । चारखाताको हिसाब सफ्टवेयरमा इन्ट्री गर्ने हो । तर, समस्या के भयो भने सफ्टवेयर नियमन गर्ने कुनै निकाय नभएको, नगरिदिएको कारणले हिसाब आफूखुसी इन्ट्री गर्ने, त्यसलाई फेरि डिलिट गर्ने, त्यसलाई फेरि डाउनलोड गर्ने, फेरि इडिट गर्ने गर्दा सफ्टवेयरमा हिसाब एउटा हुन्छ । अडिट रिपोर्टमा अर्को देखियो,' कोशी प्रदेश सहकारी रजिस्ट्रार तथा प्रशिक्षण कार्यालयका निमित्त प्रमुख हरिबहादुर खत्रीले भने, 'संस्थामा ऋणको सीमा हुन्छ । त्यो पनि पालना नगर्ने । अध्यक्षले करोडौँ ऋण खान्छ । त्यसको ब्याज शून्य लेखिदिने खालको भयो । त्यो रोक्नका लागि सफ्टवेयरमै लक गर्नुपर्छ भनेर हामीले तयारी गरेका छौँ ।'

सफ्टवेयरहरु नियमन नगरिँदा धेरै लुपहोल सिर्जना भएको खत्री बताउँछन् । 'नियमावली आएपछि पनि विभागले सफ्टवेयरमा एकरूपता ल्याउने र सफ्टवेयर सप्लायर्सलाई नियममा बाँध्नतिर लागेन,' खत्रीले भने, ' त्यसकारण हामीले गत चैत २० गतेबाट सफ्टवेयरलाई नियममा राख्नका लागि कार्यविधि बनाएर प्रदेश सहकारी रजिस्टार तथा प्रशिक्षण कार्यालयमा सूचीकृत गर्न आह्वान गऱ्यौँ । त्यसरी आव्हान गर्दा देशभरबाट १९ वटा सफ्टवेयर सप्लायर्स कम्पनी हामीसँग सुचीकृत भएका छन् ।' सूचीकरणका लागि दर्ता भएका सफ्टवेयर कम्पनीको रजिस्ट्रार कार्यालयले मूल्याङ्कन गरेर सर्तसहित सूचीकृत गर्ने तयारी गरेको छ । 'हामीले कोशी प्रदेशभरी सफ्टवेयर सप्लायर्सलाई आबद्ध गर्ने र मनिटरिङ गर्ने अर्को सफ्टवेयर एआइबेसमा तयार पार्दैछौँ । पहिलो कुरा सफ्टवेयरले प्रारम्भिक डाटा पठाउँछ । त्यो डाटालाई पनि नियम परिपालना गरे नगरेको हेरेर मनिटरिङ सफ्टवेयर (एपिआइ) लिङ्कबाट रजिस्ट्रार कार्यालयमा आउँछ । त्यसले सबै सफ्टवेयर कम्पनीले राखेका सहकारीको हिसाबलाई हाम्रो सफ्टवेयरले रेकर्डिङ गर्छ,' खत्रीले भने । सफ्टवेयरलाई लक सिस्टम नगर्दासम्म अनुसन्धानको दायरामा ल्याउनु पर्ने फरार पदाधिकारीले पनि इडिट गरिदिँदा अनुसन्धान नै गर्न नसकिने अवस्था भएको खत्री बताउँछन् ।

कोशी प्रदेशमा अहिले पनि ८० देखि ८५ प्रतिशत भन्दा बढी सहकारीको हिसाब सफ्टवेयरमा छ । तर, ती सफ्टवेयर कसैले नियमन गरेको छैन । कुन सफ्टवेयरमा के कस्ता प्रावधान छन् । ती हिसाब किताब कति सुरक्षित छन् । भन्ने विषयमा अन्योल छ । 'अब भने सफ्टवेयर नै कन्ट्रोलमा आएपछि नियम विपरीतका सहकारीलाई नियम, कानुनको अधीनमा ल्याउन सहज हुने अपेक्षा छ,' खत्रीले भने, 'कतिपयले सफ्टवेयर सप्लायर्सले अहिले पनि काम गरिरहेका छन् । उनीहरूको अप्सन हेरेर हामी थप सर्त दिन्छौँ । धेरै सर्त उहाँहरूले पालना गर्न अहिले नै सक्नुहुन्छ । केही सर्तहरु थप सफ्टवेयरमा त्यो अप्सन राख्नुपऱ्यो । त्यसपछि उहाँहरूले तीन महिनाभित्र गर्न सक्नुहुन्छ,' खत्रीले भने । त्यो सफ्टवेयर मनिटरिङको व्यबस्था सबैमा लागू गर्न केही समय लाग्ने भएपनि परीक्षण गर्न खोजिएको उनले बताए । बिग्रिनसक्ने सहकारीलाई अब सफ्टवेयरले नै व्यबस्थित गर्ने उनी बताउँछन् ।

सफ्टवेयर सप्लायर्स राजीव कर्णका अनुसार प्रदेशले गर्न खोजेको काम सकारात्मक भएको बताए । 'अहिले कोशी प्रदेशले जे गरेको छ एकदमै राम्रो गरेको छ । सफ्टवेयर प्रदायक संस्था ४०-५० वटा थियो । अहिले १९ वटा मात्रै सूचीकरण भएको छ । यही तथ्याङ्कले पनि यहाँ कति बेथिति रहेछ भन्ने देखाउँछ । कोशी प्रदेशमा पनि ३५ वटा भन्दा बढी सफ्टवेयर प्रदायकहरु थिए । सूचीकरण गर्ने भनेपछि १९ वटामा आइपुगे,' उनले भने ।

सफ्टवेयर सप्लायर्सलाई गरिएको सूचीकरणले सहकारीलाई मनपरी गर्न नदिने उनले बताए । 'हामी सफ्टवेयर प्रदायकलाई पनि यो कानुन अनुसार बाहिर जानु हुँदैन भन्ने ज्ञान हुन्छ । अहिले चाहिँ सफ्टवेयर सप्लायर्सलाई नै सहकारीवालाले दबाब दिन्थे । इडिट गर्न भन्थे । हामीले नमानेको खण्डमा सप्लायर्स नै परिवर्तन गर्ने गर्दथे,' कर्णले भने, 'मनखुसी सफ्टवेयरको दुरूपयोग गरेको विषय भनेको छानबिनको विषय हो । सप्लायर्सलाई पनि छानबिन गर्नुपऱ्यो । अडिटरलाई पनि छानबिन गर्नुपर्छ । स्पेशल्ली खरिद गरेको सफ्टवेयरलाई परिवर्तन गरेर अर्को सफ्टवेयर खरिद किन गरेको ? त्यस्ता संस्थालाई अनुसन्धान गरे समस्या त्यहाँ देखिहाल्छ । अहिलेको समस्या नियतको समस्या हो । नियत खराब भएपछि सफ्टवेयरको दुरूपयोग गरियो ।' सफ्टवेयरले नियामक निकायलाई समयमा अटोमेटिक रिपोर्ट दिन्छ । त्यो रिपोर्टलाई सहकारी रजिस्ट्रार कार्यालयले मनिटरिङ सफ्टवेयर मार्फत मनिटरिङ गर्छ । समस्या कहाँ हो त्यसपछि थाहा हुने कर्ण बताउँछन् । 'अहिले रजिस्टार कार्यालयले यो-यो मानक भन्दा बाहिर काम गर्न पाउनु हुन्न भनेर हस्ताक्षर गराएको छ । त्यो भएपछि हामीले सहकारीहरूलाई पनि यो मानक भन्दा बाहिर जान पाउनु हुन्न भन्न सक्ने भएका छौँ,' उनले भने ।

सहकारी अभियन्ता रामचन्द्र उप्रेतीले पनि बजारमा सफ्टवेयरको भीडलाई नियन्त्रण गर्न खोज्नु सकारात्मक भएको बताए । 'आफूखुसी हिसाब मिलान गर्ने सहकारीहरूले सप्लायर्सलाई सफ्टवेयर खरिद गरिदिने तर, यो सुविधा हुनुपर्छ भनेर सर्त राख्ने र भेन्डरहरूले सफ्टवेयरलाई कस्टमाइज गरिदिने गरेका थिए । त्यसो हुँदा सफ्टवेयरबाटै हिसाब किताब भ्वाङ परेको अबस्था थियो,' उप्रेतीले भने, 'सहकारी चलाउनेले बदमासी गरेपछि सफ्टवेयर सप्लायर्सले पनि व्यापार गर्न कस्टमाइज गरिदिएका थिए ।' सफ्टवेयर सूचीकृत भएपछि त्यसलाई पनि समाउन सकिने र सहकारीक्षेत्रको विकृति केही हदसम्म कम हुने विश्वास व्यक्त गरे । 'जग्गा धितो मूल्याङ्कन गर्ने भ्यालुएटर राखेजस्तै सहकारीको हिसाब किताब सही ढंगले राख्नको लागि सफ्टवेयर सप्लायर्सलाई नै जिम्मेवार बनाउनु पर्छ । यो आवश्यक थियो । कुन सफ्टवेयर चलाउने भन्ने विषयमा हामी पनि रनभुल्लमा थियौँ । तर, सूचीकृत भएपछि त हामीले त्यसभित्रबाटै खरिद गर्ने भयौँ,' उप्रेतीले भने ।

### कृषिवस्तु...

र रू. ११ करोड ५३ लाखको अन्य कृषि बाली भारत निर्यात भएको छ । सोही अवधिमा आयात भएका वस्तुमा गेडागुडी (दलहन), ताजा फलफूल, आलु, लसुन, कोदोलगायत कृषि बाली रहेका छन् । चार महिनामा रू २२ करोड ३१ लाखको गेडागुडी, रू. १५ करोड ३० लाखको आलु, रू. १४ करोड १३ लाखको ताजा फलफूल, रू. ११ करोड सात लाखको लसुन, रू. छ करोड ४४ लाखको कोदो, रू. पाँच करोड ३४ लाखको सागसाब्जी र रू. पाँच करोड दुई लाखको अन्य कृषि बाली आयात भएको छ ।

कृषि बालीहरूको निर्यात बढ्दै जानुले भारतसँगको व्यापार घाटा कम गर्न महत्वपूर्ण सहयोग पुर्याउने उनले बताए । पूर्वी पहाडी जिल्ला इलाम, पाँचथर र ताप्लेजुङमा उत्पादित अलैँची, अदुवा, चिया, जडीबुटी र तरकारी बालीले पछिल्लो समय भारतीय बजारमा उच्च मागसँगै राम्रो मूल्य पाउने गरेको छ ।

# डेंगु सङ्क्रमणदर घट्दो, जोखिम भने कायम

**बुद्धशान्ति (पालिका सन्देश)** । गर्मी तथा मनसुनमा बढेको डेंगु सङ्क्रमण चिसो मौसम शुरू भएसँगै घट्न थालेको छ । चिसो मौसममा सङ्क्रमण दर घटे पनि यसको जोखिम भने कायमै रहने विज्ञहरु बताउँछन् । ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) का अनुसार मंसिरको पहिलो सातासम्म नेपालमा कुल ३२ हजार ७०० जनामा डेंगु सङ्क्रमण देखिएको छ । यसमध्ये १३ जनाको डेंगुका कारण मृत्यु भइसकेको छ । देशका ७७ जिल्लामध्ये हुम्लाबाहेक सबै जिल्लामा डेंगु सङ्क्रमण फैलिएको छ ।

जबकि गत वर्ष पुसको दोस्रो सातादेखि कार्तिक ५ गतेसम्म डेंगु सङ्क्रमितको संख्या २२ हजार ८२ थियो । करिब एक महिनापछि अर्थात् मंसिर ३ गते यो संख्यामा १० हजार ६१८ थपिएर ३२ हजार ७०० पुगेको हो । कार्तिक ५ गतेसम्म ११ जनाको मृत्यु भइसकेको थियो भने मंसिर ३ गतेसम्म थप दुई जनाको मृत्यु भइ कुल मृतक संख्या १३ पुगेको छ ।

ईडीसीडीका अनुसार असोज ६ गतेसम्ममा १२ हजार ६४४ जनालाई डेंगु सङ्क्रमण देखिएको थियो भने ६ जनाको मृत्यु भएको थियो । कार्तिक ५ गतेसम्म आइपुग्दा ९ हजार ४३८ जना डेंगु सङ्क्रमित थपिए भने थप ५ जनाको मृत्यु भइ कुल मृतक संख्या ११ जना पुग्यो । महिना दिनमा डेंगु सङ्क्रमितको संख्या खासै घटेको नदेखिए पनि चिसो बढ्दै जाँदा सङ्क्रमण घट्दै जाने चिकित्सक बताउँछन् । शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पतालको क्लिनिकल रिसर्च युनिटका संयोजक तथा सङ्क्रामक रोग विशेषज्ञ डा. शेरबहादुर पुनका अनुसार तत्काल डेंगु सङ्क्रमण उल्लेख्य रूपमा घटेको छैन । तर अबको एक वा दुई सातापछि सङ्क्रमण घट्ने उनको भनाइ छ ।

**तीन वर्षयता डेंगुको अवस्थालाई तथ्यांकमा देखाउँदा :**

| वर्ष | सङ्क्रमणको संख्या | मृत्यु हुनेको संख्या |
|---|---|---|
| २०२२ | ५४ हजार ७८४ जना | ८८ जना |
| २०२३ | ५१ हजार २४३ जना | २० जना |
| २०२४ | ३२ हजार ७०० जना | १३ जना |

तीन वर्ष यता डेंगुबाट हुने मृत्युदर शून्यमा झर्न सकेको छैन । त्यसो त, डेंगुबाट मृत्यु भएका भनिएकाहरूमा विभिन्न दीर्घ रोग रहेको पाइएको सरकारी अधिकारी बताउँछन् । अन्य रोग रहेका डेंगु सङ्क्रमितको मृत्यु हुँदा पनि डेंगुकै कारण मृत्यु भएको भनेर गणना गरिएको उनीहरूको भनाइ छ । 'डेंगु सङ्क्रमण अबको एक वा दुई सातापछि घट्ला,' उनले भने, 'डेंगु सङ्क्रमण घटे पनि जोखिम कायम नै रहन्छ । आगामी दिनमा डेंगु सङ्क्रमणमा चुनौती पनि थपिन सक्छ, किनकि हामीले डेंगु नियन्त्रण गर्न सिकेका छैनौं ।'

नेपालमा यो वर्ष गत वर्षको तुलनामा सङ्क्रमित संख्या न्यून देखिन्छ । तर मृतकको संख्या भने खासै घटेको देखिँदैन । अघिल्लो वर्ष जनवरीदेखि डिसेम्बरमा ५१ हजार २४३ जनामा डेंगु सङ्क्रमण देखिएको थियो । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) का प्रमुख डा. यदुचन्द्र घिमिरेले गत वर्ष करिब ५० हजार जना डेंगुबाट प्रभावित भएको र उनीहरूलाई दोहोरिएर सङ्क्रमण हुने सम्भावना नहुने भएकाले सङ्क्रमण घट्ने अनुमान लगाए ।

सन् २०२४ को हालसम्मको तथ्यांक अनुसार ३२ हजार ७०० जनामा डेंगु सङ्क्रमण हुँदा १३ जनाको मृत्यु भएको छ । यस्तै, गत वर्ष सन् सन् २०२३ मा ५१ हजार २४३ जना सङ्क्रमितमध्ये २० जनाको मृत्यु भएको थियो । सन् २०२२ मा ५४ हजार ७८४ जनामा डेंगु सङ्क्रमण हुँदा ८८ जनाको मृत्यु भएको ईडीसीडीले जनाएको छ । 'गत वर्ष धेरै जना डेंगुबाट प्रभावित भएका थिए,' उनले भने, 'एक पटक डेंगु प्रभावित भइसकेपछि पुनः दोहोरिने सम्भावना एकदमै कम हुन्छ । ती व्यक्तिले डेंगुसँग लड्न सक्ने रोग प्रतिरोधात्मक क्षमता विकास गरिसकेका हुन्छन् ।'

तीन वर्ष यता डेंगुबाट हुने मृत्युदर शून्यमा झर्न सकेको छैन । त्यसो त, डेंगुबाट मृत्यु भएका भनिएकाहरूमा विभिन्न दीर्घ रोग रहेको पाइएको सरकारी अधिकारी बताउँछन् । अन्य रोग रहेका डेंगु सङ्क्रमितको मृत्यु हुँदा पनि डेंगुकै कारण मृत्यु भएको भनेर गणना गरिएको उनीहरूको भनाइ छ । तर, डेंगुमात्र लागेको बिरामीको मृत्यु न्यून रहेको उनीहरूको दाबी छ ।

## झलमल्ल अर्जुनधारा धाम

**अर्जुनधारा ।** पूर्वको पशुपतिनाथले परिचित झापाको अर्जुनधारा जलेश्वर धाममा अहिले प्रकाशमय बनेको छ । भारतबाट ल्याइएको लाइटिङ सिस्टमका कारण अर्जुनधारा जलेश्वरधाम अहिले प्रकाशमय बनेको हो ।

धामको ४२ औँ वार्षिक अनुष्ठानमा आयोजना गरिएको अष्टोत्तोरशत् १०८ श्रीमद् भागवत पाठ पारायण तथा हवनात्मक महायज्ञमा लगाइएको लाइटिङ सिस्टममा भक्तजनहरू थप आकर्षित भएका छन् ।

धाम क्षेत्र प्रवेश गर्ने मार्ग शनिश्चरेदेखि नै प्रकाश (बिजुली)को सजावटले शनिश्चरे बजार तथा धाम क्षेत्र प्रकाशमय बनेको हो । साँझपख त्यही प्रकाशमा फोटो खिच्ने तथा खिचाउने भक्तजनहरूको घुइँचो लाग्ने गरेको छ ।

धाम परिसर तथा सडकमार्गमा लगाइएको लाइट सिस्टम १० लाख भारतीय रूपैयाँमा लगाइएको धामसमितिका कोषाध्यक्ष मनोज जोशीले बताए ।

# शिताक्षीधाममा श्रीशताक्षी गोरक्षा महोत्सव तथा महायज्ञको तयारी हुँदै

**शिवसताक्षी (पालिका सन्देश) ।** धार्मिक तथा पर्यटकीय क्षेत्र शिताक्षीधाममा श्रीशताक्षी गोरक्षा महोत्सव तथा महायज्ञ २०८१ आयोजना हुने भएको छ । श्री शताक्षीधाम गोलोक गोबर्धन गौशाला तथा श्री शताक्षीधाम धार्मिक तथा पर्यटन विकास समिति शिवसताक्षी-११ को संयुक्त आयोजनामा मंसीर १४ गतेदेखि २४ गतेसम्म महायज्ञ आयोजना हुने पत्रकार सम्मेलनमा बताइएको छ ।

सोही महायज्ञ अन्तरगत पञ्चकुण्डिय श्रीरूद्र महायज्ञ, श्रीतुलसी शालिग्राम, श्री सीताराम विवाह तथा लिंग महापुराण कथा प्रवचन, ५१ फिट अग्लो रूद्राक्षको पार्थिव शिवलिंगमा विशेष अर्चना गरिने आयोजकले जनाएको छ ।

गौशलाको बार्षिकोत्सवका अवसर पारेर १२ दिने महायज्ञसहित विभिन्न कार्यक्रमको आयोजना गरिएको गौशलाका आचार्य पं. नन्दकिशोर भारद्धाजले जानकारी दिए । उनका अनुसार मंशीर १४ गते अखण्ड हरिनाम संकीर्तन प्रारम्भ, १५ गते बालचतुर्दशी उत्सव सतबिउ रोपण, १६ गते बिद्धत सम्मेलन तथा भण्डारा, १७ गते अनुष्ठान प्रारम्भ, पञ्चकुन्डिय श्री रूद्र महायज्ञ तथा ५१ फिट अग्लो रूद्राक्षको पार्थिव शिवलिंगमा विशेष अर्चना, रूद्री पाठ तथा श्रीलिंग महापुराण प्रारम्भ हुनेछन् ।

यसैगरी मंसीर १८ गतेदेखि नियमित पञ्चक्ण्डीय महायज्ञ तथा रूद्री पाठ एवं श्री लिंग महापुराण प्रबचन, २० गते झापाका सामुदायिक बिद्यालयका छात्रहरूबाट गोरक्षाको आवश्यकतामाथि प्रतिस्पर्धात्मक विचार गोष्ठी, २१ गते विवाह पञ्चमी, श्री सिताराम, तुलसी शालिग्राम विवाह महोत्सव, २२ गते कनकाई मातामा दुग्धाभिषेक, २३ गते नेपाल प्रहरी तथा उत्कृष्ट गौसेवक सम्मान र २४ गते गोरक्षा महोत्सवसहित धार्मिक कार्यक्रम सम्पन्न हुनेछ ।

लिंग महापराण कथा प्रबचक विद्धत्वरेण्य आचार्य पं. लक्ष्मीप्रसाद खतिवडा पाठपारायण आचार्य पं. मदनमोहन अधिकारी रहने बताइएको छ । हाल गौशालामा ६६२ वटा गाईबाछा छन् भने बाहिर २१६० रहेका आचार्य पं. भारद्धाजले बताए । गौशालाका लागि १५ जना कर्मचारी र गाईबाछाको आहाराका लागि मासिक ५ देखि ६ लाख खर्च हुने गरेको उनले बताएका छन् ।


## भद्रपुर नगरपालिका, भद्रपुर झापाको हक दाबी गर्ने सम्बन्धी सूचना !

**भद्रपुर नगरपालिका वडा.नं. ८ बस्ने श्री वीणादेवी श्रेष्ठको नाममा दर्ता कायम रहेको साविक भद्रपुर ४ हाल भद्रपुर न.पा. वडा नं.८ को किन २२ को जम्मा व.मि. ५०८.०० जग्गामा साविक भद्रपुर न.पा.मा निर्माण भएको भवनको नियमित नक्सा पास गरी भवन नक्सा अभिलेखीकरण प्रमाण पत्र उपलब्ध गराई पाउँ भनी नक्सासहित निवेदन पेश भई संधियारको नाममा सूचना प्रकाशित गरी स्थलगत सरजमिन बुझ्न जाँदा पश्चिमतर्फ उदयराज शर्माको जग्गा, उत्तरतर्फ श्री सुबोध कार्कीको जग्गा र दक्षिण तर्फ श्री ज्योतिराज शर्माको जग्गा भएका संधियारहरु सरजमीन स्थलमा अनुपस्थित हुनु भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को (क) बमोजिम दोस्रो पटक यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यस विषयमा तपाईंको कुनै किसिमको दाबी विरोध भए १५ दिन भित्रमा आफूलाई मर्का परेको विवरण खुलाई यस भद्रपुर नगरकार्यपालिकाको भवन नक्सा शाखामा आई उजुरी दिनु होला म्याद भित्र दाबी विरोध नभए नियमानुसार भई जाने व्यहोरा जानकारी गराइन्छ।**


## तपाईंको साताको राशिफल




मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)
यो साताको प्रारम्भिक समय अनुकूल रहेको छ। व्यापार व्यवसायमा लाभ मिल्नेछ भने सन्तान पक्षबाट शुभ सूचना मिल्नेछ। साताको मध्यमा धन खर्चका योग छन्। वाहन चलाउँदा सावधान रहनुहोस्।

वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)
यो साताको प्रारम्भमा हजुरहरूलाई व्यापार व्यवसायमा हानी हुने योग रहेको छ। सहकारी वा वित्तीय क्षेत्रमा लोन पास हुनलाई समस्या आउनेछ। साताको मध्य हजुरहरूलाई शुभ रहनेछ भने आर्थिक कारोबारपनि राम्रै रहनेछ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, हा)
मिथुन राशिहरू साताको प्रारम्भमा ऊर्जावान रहनुहुनेछ। कार्यक्षेत्रमा सफलता मिल्नेछ। सहयोगीहरुबाट शुभ सूचना मिल्नेछ। साताको मध्यमा माताको स्वास्थ्यलाई लिएर ध्यान दिनुपर्ने हुन्छ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)
साताको शुरुवात उत्तम रहनेछ। सञ्चित धनमा वृद्धीको साथै नयाँ कार्य हात लागिपर्ला। कार्यक्षेत्रमा शत्रुहरू परास्त हुनेछन्। साताको मध्यमा व्यापार व्यवसायबाट लाभ रहनेछ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)
सिंह राशिहरूको लागि यो साता उत्साहले भरपूर रहनेछ। कार्यक्षेत्रमा हजुरको इच्छाको पूर्ति हुनेछ। नयाँ नोकरीको खोजमा सफलता मिल्नेछ। अविवाहितहरूलाई विवाहको कुरा टुङ्गिनेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ।

कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)
साताको प्रारम्भमा स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। खानपानमा ध्यान दिनुपर्ने हुन्छ। वैदेशिक रोजगारको काममा एकपल्ट कागजात जाँच गरेर नै अगाडि बढौं। साताको मध्यमा आर्थिक कारोबारमा नयाँ स्रोतहरू खुल्नेछन्।

तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)
यो साता हजुरलाई सामान्य रहनेछ। मित्रहरुको सहयोग मिल्नुको साथै नोकरीमा पद प्रतिष्ठा बढ्नेछ। साताको मध्यमा बच्चाहरूलाई चिसोबाट जोगाउनुहोस्। आफ्नो खानपानमा ध्यान दिनुहोस्।

वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)
साताको प्रारम्भमा अग्रिम कार्यहरूबाट शुभ सूचना मिल्नेछ। छर छिमेकी तथा मित्रहरूसँग रमाइलो समय बित्नेछ। साताको मध्यमा सरकारी नोकरीमा पद प्रतिष्ठा बढ्ने योग छ। समय उत्तम छ।

धनु (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)
समय राम्रो भएकाले साताको प्रारम्भमा आफ्नो सहयोगीहरूसँग मेलमिलाप गर्दा राम्रो हुनेछ। व्यापार व्यवसायमा नयाँ लगानी थप्ने समय रहेको छ। पिताको स्वास्थ्यमा विशेष ध्यान राख्नुहोस्। आय बृद्धि हुनेछ।

मकर (भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि)
साताको प्रारम्भ स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। आफन्तसँग टाढा हुने सम्भावना छ। साताको मध्यमा यात्राको सम्भावना छ। कार्यक्षेत्रमा पदोन्नतिको योग छ। नयाँ वाहन किन्ने सम्भावना छ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा)
साताको प्रारम्भमा साझेदारी व्यापारबाट लाभ हुने सम्भावना छ। दाम्पत्य जीवन सुखमय रहनेछ। साताको मध्यमा स्वास्थ्यमा भने केही समस्या देखा पर्नेछ। व्यवहारलाई अत्यन्तै संयम राख्नु पर्ने समय छ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)
साताको प्रारम्भमा प्रतिस्पर्धामा विद्यार्थीहरूलाई सफलता मिल्नेछ। व्यापार व्यवसायमा धन कमाउने स्रोतहरू बढ्ने भएतापनि धोखा मिल्न सक्ने हुनाले सचेत रहनुहोला। साताको मध्यमा आर्थिक पक्ष मजबुत रहनेछ।

# झापाको पुँजीगत खर्च निरासाजनक

**भद्रपुर (पालिका सन्देश) ।** झापामा चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिकमा पुँजीगत खर्च निरासाजनक देखिएको छ । जिल्लामा सात दशमलव ३४ प्रतिशत मात्रै पुँजीगत खर्च भएको छ । कोष तथा लेखा नियन्त्रक कार्यालय झापाका कार्यालय प्रमुख कोष नियन्त्रक सूर्यबहादुर भण्डारीका अनुसार जिल्लाको पुँजीगततर्फ रू. १० अर्ब २८ करोड चार लाख विनियोजन भएकामा कात्तिक मसान्तसम्म रू. ७५ करोड ४८ लाख खर्च भएको छ ।

"चालुतर्फ विनियोजित रू. १५ अर्ब ८८ करोड ३८ लाख ९२ हजार मध्ये २९ दशमलव २२ अर्थात् रू चार अर्ब ६४ करोड १७ लाख खर्च भएको छ", उनले भने । समग्रमा चालु आव २०८१/८२ को कात्तिक मसान्तसम्म जम्मा २० दशमलव ६३ प्रतिशत अर्थात् रू. पाँच अर्ब ३९ करोड ६५ लाख ६१ हजार खर्च भएको प्रमुख कोष नियन्त्रक भण्डारीले बताए ।

उनका अनुसार समयमै बजेट निकासा हुँदा पनि जिल्लास्थित सङ्घीय कार्यालय तथा स्थानीय तहहरूले अपेक्षित पुँजीगत बजेट खर्च गर्न सकेनन् । कार्यालयको तथ्याङ्क अनुसार चालु आव २०८१/८२ को पहिलो चौमासिकमा जिल्लाभर रू. ६ अर्ब एक करोड ९८ लाख ८६ हजार राजश्व सङ्कलन भएको छ । सो अवधिमा सबैभन्दा धेरै मेची भन्सार कार्यालय काँकरभिट्टाले रू. चार अर्ब ६२ करोड ८४ लाख राजश्व सङ्कलन गरेको छ ।

# बर्खा स्मृति प्रतिष्ठानद्वारा चिलिमगढी घाट सरसफाई

**बुधबारे (पालिका सन्देश) ।** बर्खा स्मृति प्रतिष्ठान बुद्धशान्ति-३ झापाले स्थानीय चिलिमगढी घाट क्षेत्रको सरसफाई गरेको छ । प्रतिष्ठानले आयोजना गरेको सरसफाई कार्यक्रममा स्थानीय, युवा, क्लव, राजनीतिकर्मी, वाणिज्यसंघ, जेसीज, सामाजिक व्यक्तित्वहरूको समेत सहभागिता रहेको थियो ।

प्रतिष्ठानले चिलिमगढी घाट सरसफाईको कार्यक्रमको आयोजना गरेरै सामाजिक कामको सुरूवात गरेको बताउँदै बुद्धशान्ति गाउँपालिका अध्यक्ष मनोज प्रसाईंले सामाजिक कामका लागि अग्रसर प्रतिष्ठानलाई पालिकाको तर्फबाट पनि सहयोग गरेको बताएका छन् । उनले प्रतिष्ठानलाई अझ सकृय रूपमा सामाजिक क्षेत्रमा लाग्न अनुरोध गरेका छन् ।

पछिल्लो समय मृत्यु संस्कारका लागि प्रयोग हुने घाटको सरसफाईमा कसैको पनि ध्यान नपुगिरहेको अवस्थामा प्रतिष्ठानले सरसफाई कार्यक्रमको आयोजना गरिएको अध्यक्ष मदन प्रसाईंले बताएका छन् । उनले घाट सफाईसँगै प्रतिष्ठानले सुरू गरेको सामाजिक गतिविधि आफ्नो स्थापना दिवसको अवसरमा पुन घाट सफाई मनाएको बताए ।

प्रतिष्ठानका अध्यक्ष मदन प्रसाईंकी धर्मपत्नी केही समय अघि अमेरिकामा दिवंगत भएको र स्वर्गीय बर्खा प्रसाईंको नामबाट स्मृति प्रतिष्ठान सञ्चालन भएको हो । आपत विपतमा परेकाहरूलाई सहयोग गर्ने साथै बालबालिकाहरूको शिक्षा, स्वास्थ्य लगायतका सामाजिक क्षेत्रमा कार्य गर्ने गरी बुद्धशान्तिमा स्थापना भएको प्रतिष्ठानले पचास लाखको अक्षयकोष र २० लाख कार्यालय व्यबस्थापनका लागि गरेर ७० लाख रूपैयाँमा छुट् याएको छ ।

उक्त रकमबाटै प्रतिष्ठानले सामाजिक क्षेत्रमा कामका साथै सहयोग गर्दै आएको अध्यक्ष प्रसाईंले बताएका छन् ।

# मेची आँखा अस्पतालमा कानको उपचार पनि शुरू

**बिर्तामोड (पालिका सन्देश) ।** आँखा उपचारमा नेपालमै चर्चित झापाको बिर्तामोडमा रहको मेची आँखा अस्पतालमा कानको उपचार पनि हुने भएको छ । सोमबार एक कार्यक्रमका बीच बिर्तामोड नगरप्रमुख पवित्रा महतारा प्रसाईंले अस्पताल परिसरमा कान जाँच कक्षको उद्घाटन गरेकी छिन् ।

२८ वर्षदेखि आँखाको उपचार गर्दै आएको समुदायद्वारा सञ्चालित अस्पतालमा कानको उपचार सेवा थपिएपछि सेवाग्राहीलाई अझ धेरै लाभ मिल्ने अस्पतालका अध्यक्ष जलकुमार गुरूङले बताए । उनले सर्वसाधारणले सुलभ शुल्कमा उपचार सेवा लिउन् भन्ने उद्देश्यले कानको उपचार सेवा थप गरिएको बताए ।

केही समयमै कानको शल्यक्रियासहितको उपचार सेवा पनि शुरू हुने अध्यक्ष गुरूङले बताए ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डक्टर पुरूषोत्तम जोशीले प्रत्येक १ हजार जनामा ८२ जनाको आँखामा समस्या आउने गरेको बताए । त्यस्तै, १ हजार जनामा ५२ जनामा कानको समस्या रहने गरेको उनले बताए ।

आँखा र कानको उपचार सम्बन्धित बिराम भएको हुनाले कानको उपचार सेवा थप गरिएको उनको भनाई छ । यसअघि कानको उपचारका लागि आउने बिरामीलाई अन्यत्र रेफर गर्ने गरिएको उनले जानकारी दिए ।

अब दक्ष जनशक्तिको संलग्नतामा उपचार सेवा सुरू गरेपछि यो सेवा अस्पतालमै उपलब्ध हुने बताइएको छ ।

# रोङमा नि:शुल्क आँखा शिविर

**रोङ (पालिका सन्देश) ।** इलामको रोङ गाउँपालिकाले नि:शुल्क आँखा शिविर सञ्चालन गरेको छ । आइतबारबाट शुरू गरिएको शिविर मंगलबार सम्पन्न गरिएको छ । नेपाल नेत्रज्योतिसंघ इलाम, बिराटनगर आँखा अस्पताल र रोङ गाउँपालिको संयुक्त आयोजनामा पालिकाका टोलस्तरसम्म पुगेर सञ्चालन भएको शिविरमा पत्ता लागेका आँखाको जटिल समस्या भएका एक सय ७९ जना बिरामीहरूको नि:शुल्क शल्यकृया सुरु गरिएको गाउँपालिका अध्यक्ष मनिकुमार



स्याङ्वो सुवासले बताएका छन् ।

उनका अनुसार पहिलो चरणको शिविरमार्फत तीन हजार ८ सय ४ जना नागरिकहरूमा गरिएको परीक्षणबाट भेटिएका एक सय ७९ जना विरामीहरूको कोल्बुङ स्वास्थ्य चौकीसम्म पुग्नका लागि यातायातको ब्यबस्थासँगै ब्यबस्थित बसोबासको प्रबन्ध सहित नि:शुल्क अपरेसन शुरू भएको बताइएको छ ।

गाउँपालिका भित्रका अति विपन्न नागरिकहरूलाई गत वर्ष रोगको खोजी शिविर सञ्चालनको सुरूआत गरेको बताउँदै उपाध्यक्ष विष्णुमायाँ खवासले शिविरबाट सेवा लिन सम्पूर्ण रोङबासीलाई अनुरोध समेत गरेकी छिन् । गाउँपालिका वडा नं. ३ मा रहेको कोल्वुङ स्वास्थ्य चौकीमा सञ्चालन भएको शिविरमा शल्यकृया गरिएको बताइएको छ ।


## अस्मिता ज्वेलर्स

बुद्धशान्ति–३, बुधबारे झापा
शाखा साविक बुधबारे ७ नं चोक

प्रो. धन बहादुर लकान्द्री : ९८४२७६१७६०
प्रो. अभिशेक लकान्द्री : ९८१५९८५३९७

यहाँ सुनचाँदीका आकर्षक गरगहनाहरु अर्डर बमोजिम ग्यारेन्टीका साथ तयार गर्नुका साथै खरिद-बिक्री गरिन्छ ।



## "वन डढेलो नियन्त्रण गरौं, जैविक विविधताको संरक्षण गरौं"

सुख्खायाम लागेसँगै वन जंगलमा डढेलो लगाईने गतिविधि जिम्मेवार नागरिकका लागि अशोभनीय कार्य हुन् । जिम्मेवार नागरिकहरुले यस्ता कार्यको विरुद्ध सबैलाई सचेत गराऔं । वन जंगल तपाई हामी सबैको साझा सम्पति हो । सबै मिलि यसको संरक्षण गरौं । वातावरण संरक्षण तपाई हाम्रै जिम्मेवारी हो ।

अनुरोधकर्ता :
आर्दश नमुना सामुदायिक वन उपभोक्ता समूह
बुद्धशान्ति, झापा


# राहदानी सेवा पूर्णरूपमा बन्द

**झापा ।** राहदानी सेवा पूर्णरूपमा सञ्चालन हुन अझै दुई साता लाग्ने भएको छ । राहदानी विभागले सूचना जारी गर्दै सेवा पूर्णरूपमा सञ्चालनमा ल्याउन एक–दुई साता लाग्ने अनुमान गरिएको बताएको हो ।

राहदानी आवेदन प्रणालीसँग सम्बन्धित केही कप्युटरमा भाइरस प्रवेश गरेको निष्कर्ष निकाल्दै विभागले त्यसलाई फैलिन नदिन सेवा बन्द गर्नुपरेको स्पष्टीकरण दिएको छ । राहदानी विभागबाट आंशिक रूपमा भने सेवा प्रारम्भ गरिएको विभागले जनाएको छ । विभागका अनुसा एक–दुई दिनभित्रमा नयाँ आवेदन फाराम भर्नका लागि बुकिङ्ग खुला गरिनेछ ।

भाइरस देखा परेपछि सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखी देशैभर पर्याप्त सतर्कता अपनाइएको र सेवाग्राहीको डाटा सुरक्षित रहेको विभागको भनाइ छ । राहदानी सेवा बन्द हुँदा सेवाग्राही मर्कामा परेका छन् ।


## ग्याँसको चुहावटले हुने दुर्घटना बाट बचौं

*खाना पकाउने ग्याँसको चुहावटबाट हुने दुर्घटनाबाट बच्न :*

- सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं,
- भान्सामा सिलिण्डर प्रयोग गर्दा ठाडो पारेर मात्र प्रयोग गरौं,
- गुणस्तरयुक्त रेगुलेटर, पाइप र चुलो प्रयोग गरौं,
- समय–समयमा ग्याँसको पाइप, रेगुलेटर र चुलो फेरौं,
- ग्याँस सिलिण्डरको प्रयोग अवधि हेरेर मात्र खरिद गरौं,
- काम सकेपछि सधैं रेगुलेटर बन्द गरौं,
- भान्साकोठाको झ्याल ढोका सधैं खुला राखौं,
- सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

रोङ गाउँपालिका
इलाम






कचनकवल गाउँपालिका
कचनकवल, झाप

# प्रधानमन्त्री रोजगार कार्यक्रम : एक सय दिनको रोजगारीले युवालाई आकर्षण गरेन

**झापा (पालिका सन्देश)** । युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्ने भनी सञ्चालन गरिएको प्रधानमन्त्री रोजगार कार्यक्रमले प्रभावकारी रूपमा युवाहरूलाई आकर्षण गर्न सकिरहेको छैन । वैदेशिक रोजगारीको विकल्पमा सञ्चालन गरिएको एक सय दिनको रोजगारीले युवालाई आकर्षण गर्न सकेको छैन । चालु आर्थिक वर्ष २०८१/८२ का लागि आआफ्नो पालिकामा बेरोजगारी सूचीमा सूचीकृत सात लाख ९७ हजार ७२५ जनामा साउनदेखि मङ्सिर ७ गतेसम्म जम्मा ४८७ जना रोजगारीमा संलग्न भएका छन् । चालु आवमा देशभरबाट सूचीकृतमध्येबाट ६० हजारलाई मात्रै न्यूनतम एक सय दिनको रोजगारी दिने हुँदा पाइने ग्यारेन्टी नहुने र पाइहाले पनि छोटो अवधिको हुने भएकाले यो कार्यक्रमले युवालाई आकर्षित गर्न नसकेको हो ।

सरकारले पटक पटक सुधारको घोषणा गरे पनि यो कार्यक्रमले अपेक्षित रूपमा रोजगारी सिर्जना गर्न नसकेको पछिल्लो चार महिनामा रोजगारीमा संग्लन भएको सत्त्याले नै पुष्टि गर्छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहप्रवक्ता वसन्तबहादुर बोहोराले यस पटक ४६८ वटा पालिकामा कार्यस्थलमा आधारित ५० दिने तालिम सञ्चालन भइरहेकाले पनि हाल प्रगति कम देखिएको बताए । प्रधानमन्त्री रोजगार कार्यक्रमबाट चालु आवमा लिएको लक्ष्यको ५० प्रतिशतले फागुनसम्म रोजगारीमा संग्लन हुने दाबी उनले गरे । उनका अनुसार हाल धेरै जसो पालिकामा आयोजना छनोटको काम भइरहेको छ ।

बेरोजगारलाई तालिमसहित न्यूनतम रोजगारी दिने उद्देश्यले २०७५ फागुन १ गतेदेखि सुरू भएको यस कार्यक्रमका लागि यस पटक ६० हजारलाई न्यूनतम एक सय दिनको रोजगारी दिने लक्ष्य रहेको छ । मन्त्रालयका अनुसार यो कार्यक्रमका लागि छ अर्ब नौ करोड ४५ लाख रूपियाँ विनियोजन गरेको छ । पहिलो चार महिना (साउन–मङ्सिर ७ गते) सम्म छ करोड ७३ लाख, ३० हजार ९१६ मात्रै खर्च भएको छ । सरकारले यस वर्ष विपतबाट प्रभावित क्षेत्रको पुनर्निर्माण तथा पुनर्स्थापनामा पनि कार्यक्रमको बजेट खर्च गर्न सक्ने व्यबस्था गरेको छ ।

यो कार्यक्रमका लागि विनियोजन भएको बजेट आवको अन्तिम जेठ र असारमा बढी खर्च हुँदै आएको छ । यो कार्यक्रम वर्षा सुरू हुने बेलामा कम प्रतिफल दिने आयोजनामा श्रमिकलाई काम लगाएर बजेट खर्च गर्ने गरेको भन्दै सरकारको सुरूदेखि आलोचना हुने गरेको छ । विश्व बैङ्कको ऋण लगानी भएको यो कार्यक्रमले अपेक्षित नतिजा दिन सकेको छैन । सङ्घीय सरकारले बनाएको कार्यविधि अनुसार पालिकाले बजेट खर्च गर्ने गरी यो कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस अन्तर्गत पालिकाले सडक मर्मत, ढल, खानेपानी, कुलोकुलेसा मर्मत र सरसफाइका साना आयोजना सञ्चालन गरेर बढीमा एक सय दिनसम्म रोजगारी दिने गरेको छ ।

आव २०८०/८१ सम्ममा ४८ अर्ब ७१ करोड खर्च गरिसक्दा पनि कार्यक्रमबाट राम्रो नतिजा नआएपछि श्रम मन्त्रालयले यो कार्यक्रमलाई पुनर्संरचना गर्ने गरी मसौदा तयारी छलफल सुरू गरेको जनाएको छ । कार्यक्रमको कार्यान्वयन मोडालिटीमै प्रश्न उठेपछि पटक पटकको पुनर्संरचनाको घोषणा गरेको श्रम मन्त्रालयलाई पछिल्लो पटक बाध्यता भएर मसौदा तयार गरेर छलफल सुरू गरेको हो । गत आव २०८०/८१ को बजेटमा उत्पादनशील रोजगारी सिर्जना गर्ने र श्रम बजारको नतिजामा सुधार गर्ने उद्देश्यसहित कार्यक्रम ढाँचामा परिमार्जन गर्ने उल्लेख थियो ।

# चार खर्ब व्यापार घाटा

**झापा** । चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चार महिनामा नेपालले साढे चार खर्बभन्दा बढीको व्यापार घाटा व्यहोरेको छ । भन्सार विभागले सार्वजनिक गरेको चालु आवको कात्तिक मसान्तसम्मको वैदेशिक व्यापारको विवरण अनुसार यस अवधिमा ५ खर्ब १३ अर्ब ३८ करोड ८० लाख रूपैषाँ बराबरको आयात र ५२ अर्ब ६७ करोड रूपैयाँ बराबरको निर्यात भएको हो ।

यसरी कूल ५ खर्ब ६६ अर्ब पाँच करोड ६७ लाख रूपैयाँको वैदेशिक व्यापारमा ४ खर्ब ६० अर्ब ७१ करोड ७३ लाख रूपैयाँ घाटा देखिएको विभागले जनाएको छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयात शून्य दशमलव १७ र निर्यात चार दशमलव १६ प्रतिशतले बढेको छ । नेपालको सबैभन्दा ठूलो वैदेशिक व्यापार साझेदार भारतसँग मात्र ४ महिनामा दुई खर्ब ८१ अर्ब ११ करोड ६६ लाख रूपैयाँ घाटा व्यहोरेको छ । कात्तिक मसान्तसम्ममा भारतबाट ३ खर्ब १६ अर्ब ८८ करोड ५३ लाख रूपैयाँ बराबरको वस्तु आयात हुँदा ३५ अर्ब ७६ करोड ८७ लाख रूपैयाँ बराबरको निर्यात भएको छ । त्यस्तै नेपालको अर्को ठूलो वैदेशिक व्यापार हुने मुलुक चीनसँग रु एक खर्ब तीन अर्ब १८ करोड २५ लाखको आयात र ६८ करोड २३ लाख ७७ हजारको निर्यात हुँदा एक खर्ब दुई अर्ब ५० करोड रूपैयाँको व्यापार घाटा देखिएको छ ।

## बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधवारे, झापाको

### आधारभुत कम्प्युटर तालिम सञ्चालनका लागि प्रस्ताव/आवेदन आव्हान सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति–२०८१/०८/०७)*

बुद्धशान्ति गाउँपालिकाको स्विकृत कार्यक्रम बमोजिम आधारभुत कम्प्युटर तालिम संचालनका लागि कार्यालयले निर्धारण गरेको कार्यविवरण (TOR) बमोजिम बुद्धशान्ति गाउँपालिकामा कम्प्युटर तालिम प्रदान गर्न सुचिकृत/दर्ता भएका ईच्छुक फर्म/संस्था वा कम्पनीबाट तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा प्रस्ताव/आवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

- फर्म / संस्था वा कम्पनीले संस्था दर्ता तथा चालु आ.व. सम्मको नविकरणको प्रतिलिपी, स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपी तथा आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी राखी कार्यालयको सूचना प्रविधि उपशाखाबाट आवेदन फाराम र तालिममा समावेश गर्नु पर्ने पाठ्यक्रम र कार्यविवरण (TOR) प्राप्त गर्न सकिनेछ।
- प्रस्ताव/आवेदनपत्र फारम विवरण भर्दा अंक र अक्षर दुवैमा स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहीछाप गरेको हुनुपर्नेछ। अंक र अक्षरमा भरेको विवरण फरक परेको खण्डमा अक्षरमा भरेको विवरणलाई मान्यता दिइनेछ। प्रस्ताव/आवेदनपत्र फारममा केरमेट भएको तथा सच्याइएको स्थानमा सहीछाप गरेको हुनुपर्नेछ।
- सवैभन्दा कम कवोल अंक भएको प्रस्ताव/आवेदनपत्र स्वीकृत गरिनेछ। तर कम कबोल अंक गर्ने फर्म/संस्था वा कम्पनीले आवश्यक कागजातहरु संलग्न नगरी आवेदनपत्र पेश गरेको खण्डमा आवेदनपत्र रद्ध गर्ने वा स्वीकृत/अस्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा रहनेछ।
- प्रस्ताव/अवेदन कबोल गर्ने फर्म / संस्था वा कम्पनीले आवेदनपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्रमा सम्झौता गर्न आउनु पर्नेछ।
- यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

## भ्रष्टाचार...

वडाअध्यक्ष, कार्यपालिका सदस्य, पालिकाका शाखा प्रमुख, कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधि, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो ।

**स्थानीय तहका उजुरी धेरै**

कोशी प्रदेशका ११ र मधेश प्रदेशको एउटा जिल्ला हेर्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगको इटहरी कार्यालयमा स्थानीय तहका उजुरी धेरै परेको बताइएको छ । परेका उजुरी मध्ये ३८.९१ प्रतिशत स्थानीय तहका हुन् । आयोग इटहरीका प्रमुख सुरेश न्यौपानेका अनुसार आर्थिक वर्ष २०८०–०८१ मा आयोगमा २६ हजार ९१८ उजुरीहरु विभिन्न माध्यमबाट परेको थियो ।

अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ९ हजार २६८ सहित गत वर्षको दायित्वमा ३६ हजार १८६ उजुरी थियो । तीमध्ये २७ हजार ७१४ उजुरी स्क्रिनिङ्ग गरी १३ हजार ५०० उजुरी तामेलीमा राखिएको, ४९६ उजुरीमा सुझाव दिई तामेली गरिएको र १२ हजार ७८६ उजुरीमा आवश्यक कारबाहीका लागि विभिन्न निकायमा लेखी पठाएको र ८ हजार ४७२ उजुरी प्रारम्भिक छानबिनको क्रममा रहेको उनले बताए । गत आर्थिक वर्षमा २०८६ लिखित उजुरी दर्ता भएको थियो । अघिल्लो वर्षबाट दायित्व सरेका ७४३ सहित २ हजार ८२९ वटा उजुरी थिए । जसमध्ये गत वर्ष २ हजार २८१ उजुरी फछ्यौट भएको उनले बताए ।

आयोगको कार्यालयमा परेका उजुरी मध्ये धेरै ३८.९१ प्रतिशत स्थानीय तहका हुन् । शिक्षामा १५.७९ प्रतिशत, गैरकानुनी सम्पति आर्जनसँग सम्बन्धि ६.९८ प्रतिशत र भूमी प्रशासनसँग सम्बन्धित ६.४ प्रतिशत उजुरी परेका छन् । नक्कली शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित ४.७१ प्रतिशत, वन तथा वातावरणका ३.८२ प्रतिशत, स्वास्थ्य तथा जनसंख्या क्षेत्रमा ३.६ प्रतिशत, भौतिक पूर्वाधार तथा यातायात क्षेत्रका ३.६१ प्रतिशत, गृह प्रशासनको ३.५२ प्रतिशत, अर्थ क्षेत्रसँग सम्बन्धित २.१३ प्रतिशत, जलस्रोत तथा सिंचाइका २.१० प्रतिशत, खानेपानीका १.६१ प्रतिशत उजुरी परेका छन् ।



## मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले,
- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघात लगायतका जोखिम बढाउछ ।

त्यसैले मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य (ग्लुकोज) परिकार कम खाऔं,
- पेय पदार्थ, जंक फुड तथा तारेका, भुटेका, पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरु नखाऔं,
- तनाब व्यवस्थापन गरौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं ।

**अर्जुनधारा नगरपालिका**
अर्जुनधारा, झापा








## धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होइन।
- यसले मुटु, दम, श्वास-प्रश्वास, क्यान्सर जस्ता दीर्घकालीन रोग लाग्न सक्छ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं।
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं।
- यसले तपाईं र तपाईंको परिवारलाई असर पुऱ्याउँछ।
- त्यसैले, धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं।

**बाह्रदशी गाउँपालिका**
बाह्रदशी, झापा